म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१३ अङ्क:- ५९ २०७९ माघ ३ गते मंगलबार 17 January 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

Icy Iconic parlor

opening discount 10% OFF Discount

बबल टि, बरफ, बर्फी, केकलगायत विभिन्न फ्लेभरमा क्रिम बेलको आईसक्रिम उपलब्ध छ ।




हेटौंडा-४, स्कुलरोड

प्रोप्राईटर: क्रिजेश जोशी/दीपक गौतम

सम्पर्क नम्बर : ९८४५९०३४०७

# बागमती प्रदेशको उपसभामुखमा अप्सरा चापागाई निर्वाचित



उपसभामुख निर्वाचित हुनुभएकी अप्सरा चापागाई खत्री ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सभाको उपसभामुख पदमा अप्सरा चापागाई खत्री निर्वाचित हुनुभएको छ। सोमबार बसेको प्रदेश सभा बैठकमा सभामुख भुवन पाठकले साँझ साढे ५ बजे अप्सरा चापागाई खत्रीलाई ६१ मतसहित प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

ललितपुरकी खत्री नेकपा एमालेबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रदेश सभामा निर्वाचित हुनुभएको हो । प्रदेश सभामा सोमबारको बैठकमा सहभागी १ सय ८ जना सदस्यमध्ये खत्रीले प्राप्त गर्नुभएको ६१ मत बहुमत भएकोले अप्सरा चापागाई खत्रीलाई उपसभामुख पदमा निर्वाचित हुनुभएको सभामुख पाठकले घोषणा गर्नुभयो । उपसभामुख पदमा सुना परियार र गीता काफ्ले पनि आकांक्षी हुनुहुन्थ्यो । पहिलो चरणको मतदानमा गीता काफ्लेले ३ मत प्राप्त गर्नु भएको थियो भने दोस्रो चरणमा खत्री निर्वाचित हुनुभएपछि तेस्रो चरणको निर्वाचनको प्रक्रियामा जानु परेन । परियार नेपाली कांग्रेसबाट उम्मेदवार बन्नुभएको थियो भने काफ्ले नेपाल मजदुर किसान पार्टीबाट उम्मेदवार बन्नुभएको थियो ।

७ दलीय सत्ता गठबन्धनबीच बागमती प्रदेशको मुख्यमन्त्रीमा नेकपा माओवादी, सभामुखमा राष्ट्रिय प्रजातन्त्र पार्टी र उपसभामुखमा नेकपा एमालेले पद पाउने सहमति गरेको थियो । सत्ता साझेदार दलबीच सहमतिअनुसार बागमती प्रदेशको मुख्यमन्त्रीमा नेकपा माओवादीका शालिकराम जम्कट्टेल नियुक्त भइसक्नुभएको छ भने केहीदिन अघि मात्रै प्रदेश सभाको सभामुखमा राप्रपाका भुवन पाठक निर्वाचित हुनुभएको हो। संवैधानिक व्यवस्था अनुसार पहिलो बैठकको १५ दिन भित्र सभामुख र उपसभामुखको निर्वाचन गरिसक्नुपर्ने व्यवस्था अनुसार सोमबार १५ दिन पुग्ने भएकोले शोकविदाको दिन पनि बैठक राखिएको हो ।

## मुख्यमन्त्रीले आज विश्वासको मत लिने

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आज मंगलबार विश्वासको मत लिनुहुने भएको छ । उहाँले दिउँसो साढे १२ बजे प्रदेशसभामा विश्वासको मतका लागि प्रस्ताव पेश गर्नुहुने कार्यक्रम रहेको छ ।

गत पुस २९ गते शुक्रबार बसेको प्रदेशसभा बैठकले मुख्यमन्त्रीको विश्वासको मत लिने मिति तोकेको हो । मुख्यमन्त्री शालिकराम जम्कट्टेल सत्ता गठबन्धनका ७ दलको समर्थनमा ७० प्रदेशसभा सदस्यको समर्थनसहित मुख्यमन्त्री बन्नु भएको हो । जम्कट्टेल नेतृत्वमा नेकपा एमालेका जेएन थपलिया आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त हुनुभएको छ भने राप्रपाबाट उद्धव थापा मन्त्री नियुक्त हुनुभएको छ । राप्रपाका उद्धव थापाको मन्त्रालय भने निश्चित भइसकेको छैन ।

## कांग्रेस सचेतकमा काफ्ले

हेटौंडाः नेपाली कांग्रेस वागमती प्रदेशसभाको मुख्य सचेतकमा कुन्दन काफ्ले चयन हुनुभएको छ । नेपाली कांग्रेसको सोमबार बसेको संसदीय दलको बैठकले उहाँलाई मुख्य सचेतकको भूमिका प्रदान गरेको हो ।

बैठकमा दल नेता बहादुरसिंह लामाले उहाँलाई मनोनित गरिएको विषयमा जानकारी गराएको सांसद छिरिङदोर्जे लामाले जानकारी दिनुभयो । काफ्ले प्रदेशसभामा दोलखा १ (१) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ । काफ्ले नेविसंघका पूर्वमहामन्त्री हुनुहुन्छ । उहाँ कांग्रेसको १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित हुनुभएको हो । बैठकले पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा मृत्यु भएका व्यक्तिको परिवारप्रति समवेदना व्यक्त गर्दै शोक प्रस्तावसमेत पारित गरेको छ ।

## ५ वटा अध्यादेश स्वीकृत

हेटौंडाः बागमती प्रदेश सभाको सोमबार बसेको बैठकले ५ वटा अध्यादेश स्वीकृत गरेको छ । अध्यादेश अस्वीकार सम्बन्धी प्रदेश सभामा निवेदन नपरेकोले सभामुख भुवन कुमार पाठकले अध्यादेश सर्वसम्मतले स्वीकृत भएको घोषणा गर्नुभएको हो ।

प्रदेश सभाको सोमबारको बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेल ५ वटा अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्नुभएको थियो । मुख्यमन्त्री जमकट्टेलले सभामा पेश गर्नुभएको प्रदेश निजामति सेवा गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९, स्थानीय तहको सेवा गठन तथा संचालन सम्बन्धमा बनेको अध्यादेश २०७९, प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश २०७९, प्रदेश कृषि विकास सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश २०७९ र प्रदेश हस्तकला ग्राम स्थापना तथा संचालन सम्बन्धी अध्यादेश २०७९ सर्वसम्मतले स्वीकृत भएको हो ।

# अत्याधुनिक प्रविधि प्रयोग गरी हेटौंडामै मिर्गौलाको पत्थरीको शल्यक्रिया



मिर्गौलाको पत्थरीको शल्यक्रिया गरिँदै ।

समाज संवाददाता

हेटौंडाः अत्याधुनिक प्रविधि भित्रिएसँगै मिर्गौलाको पत्थरीको हेटौंडामै उपचार सम्भव भएको छ । हेटौंडा-१ स्थित मकवानपुर सहकारी अस्पतालले करिब एक करोड रुपैयाँ लगानी गरी परक्युटानियस नेफ्रोलिथोटोमी प्रविधिको उपकरण ल्याएसँगै भरतपुरका विशेषज्ञ चिकित्सकलाई बोलाएर आइतबार एकजना विरामीको मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया गरिएको छ ।

पाइपको माध्यमबाट दुरबीनमार्फत मिर्गौलामा रहेको पत्थरी निकालिएको हो । भरतपुर क्यान्सर अस्पतालमा कार्यरत युरो सर्जन डा. बिनोद बाबु घर्तीको नेतृत्वमा मकवानपुर सहकारी अस्पतालका सर्जन डा. निश्चल भद्र खनाल र एनेस्थेसिया डा सुवास बाबु लामिछानेको टिमले आइतबार मकवानपुर सहकारी अस्पतालमा मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४ का ३० वर्षीय दीपक घिमिरेको मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया गर्नुभएको हो। अत्याधुनिक प्रविधिको प्रयोगले सहजै शल्यक्रिया सम्भव भएको डा. घर्तीको भनाइ छ ।

मकवानपुर सहकारी अस्पतालले अत्याधुनिक प्रविधि ल्याएर एक महिनादेखि साताको एक दिन मिर्गौला तथा मुत्रनलीसम्बन्धी समस्या भएका विरामीको स्वास्थ्य परीक्षण गर्दै आएको छ। काठमाडौं र भरतपुरमा यो प्रविधि प्रयोगमा आएको झण्डै दुई दशक भइसक्दा मकवानपुरमा भने पहिलो पटक यस्तो प्रविधि भित्रिएको डा. घर्तीको भनाइ छ। स्वास्थ्य सेवाको क्षेत्रमा विकसित अत्याधुनिक प्रविधि खरिद गर्नुभन्दा पनि त्यसको उपयोग गर्ने जनशक्ति व्यवस्थापन मुख्य चुनौती भएको डा. घर्ती बताउनुहुन्छ। अहिलेको प्रविधिले शल्यक्रियालाई सहज बनाएको उहाँले स्पष्ट पार्नुभयो ।

मकवानपुर जिल्लाको स्वास्थ्य सेवाको क्षेत्रमा सुधार गर्नकै लागि मकवानपुर सहकारी अस्पतालले झण्डै एक करोडको लागतमा अत्याधुनिक उपकरण भित्र्याएको मकवानपुर सहकारी अस्पतालका अध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिनुभएको छ । चितवन जिल्लामा विशेषज्ञ चिकित्सक रहनुभएकोले सातामा एकपटक परीक्षण र चिकित्सकको समयअनुकुलमा शल्यक्रिया गर्ने गरी व्यवस्था मिलाइएको अध्यक्ष महर्जनको भनाइ छ । जिल्लाभित्रै सेवा उपलब्ध हुँदा सेवाग्राहीलाई सहज र सहुलियत हुने पनि महर्जनको दावी छ ।

पछिल्लो समय प्याकेजिङ गरिएका तयारी खाना (जंक फुड), चकलेट, प्रेटिनयुक्त खानेकुरा, रातो मासु खाने, पानी कम खाने बानीका कारण शरीरका विभिन्न भागमा पत्थरीको समस्या देखिने गरेको चिकित्सकको भनाइ छ । १० जनामध्ये एकजनामा पत्थरीको समस्या दिने गरेको बताइन्छ ।

शोरूम सरेको सूचना

लोकप्रिय अप्रिला र भेस्पा ब्राण्डको स्कुटरको शोरुम हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्प अगाडि) बाट हेटौंडा-१०, मेनरोडस्थित चित्रभवन (हुण्डाईको शोरुमसँगै) मा सरेको हुँदा सम्पूर्ण सेवाग्राहीमा जानकारीका लागि अनुरोध गरिन्छ ।

aprilia

Vespa

RS Lifestyles

हेटौंडा-१०, चित्रभवन

९८०२९८८७६०

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

www.samriddhasamaj.com.np

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## सम्पादकीय

# हवाइ दुर्घटनाको चिन्ता

माघ १ गते आइतबार पोखरामा भएको विमान दुर्घटनाको खबरले सबै नेपाली तथा विश्व समुदायलाई दु:खी बनायो । चालक दलका ४ सदस्यसहित ७२ जना सवार यती एयरलाइन्सको विमान आइतबार विहान पोखराको सेती खोंचमा दुर्घटना भएको थियो । काठमाडौंबाट पोखराका लागि विहान १०:३० बजे ६८ जना यात्रु लिएर उडेको यती एयरलाइन्सको ९ एन-एनएसी विमान दुर्घटना हुँदा विमानमा सवार सबैले ज्यान गुमाएका छन् । नेपालकै इतिहासमा सबैभन्दा बढी मानवीय क्षति भएको आन्तरिक हवाइ दुर्घटना बन्न पुगेको यो घटनाप्रति सरकारले पनि गम्भीरता देखायो । विमान दुर्घटनापश्चात् मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेर दुर्घटनाको जाँचबुझका लागि ५ सदस्यीय आयोग गठन गर्नुका साथै दुर्घटनामा मृत्यु हुनेको शोकमा सोमबार देशभर शोक विदा दिइयो । मन्त्रिपरिषद् बैठकले आन्तरिक उडान गर्ने सम्पूर्ण विमानको प्राविधिक परीक्षण गर्न निर्देशनसमेत दिएको छ ।

दैनिक दर्जनौं सडक दुर्घटनाका समाचार सुनिरहेको भए पनि आक्कलझुक्कल हुने हवाइ दुर्घटनाको समाचार विशेष बन्ने गरेको छ । पछिल्ला वर्षहरुमा सडक दुर्घटनामा प्रत्येक वर्ष दुई हजारभन्दा बढीको ज्यान गइरहेको भए पनि त्यसतर्फ खासै चासो र चिन्ता व्यक्त गरिएको पाइँदैन । हवाइ दुर्घटनाप्रति भने सबैको चासो र चिन्ता बढी हुने गरेको पाइन्छ । नेपालको हवाइ इतिहासमा हालसम्म एक सय ४ वटा विमान (हेलिकप्टरसमेत) दुर्घटना भएका छन् । ६७ वर्षको अवधिमा ५८ वटा हवाइ दुर्घटनामा ९१७ जनाको ज्यान गएको तथ्यांक छ । तीमध्ये अन्तर्राष्ट्रिय उडानका १० वटा विमान दुर्घटनामा ३७३ जनाको मृत्यु भएको छ । नेपालमा सर्वप्रथम सन् १९५६ मा इन्डियन एयरलाइन्सको विमान काठमाडौंमा दुर्घटना भएको थियो । उक्त दुर्घटनामा १४ जनाले ज्यान गुमाएका थिए । सबैभन्दा धेरै मानवीय क्षति भएका दुर्घटनामध्ये सन् १९९२ मा थाई एयर र पाकिस्तान एयरलाइन्सको विमान दुर्घटना हुँदा क्रमश: ११३ जना र १६७ जनाको ज्यान गएको थियो । नेपाली आकाशमा हवाइ दुर्घटनाबाट सबैभन्दा बढी मानवीय क्षति भएको तेस्रो दुर्घटना आइतबारको दुर्घटना बनेको छ । यसअघि २०७९ जेठ १५ मा तारा एयरको जहाज दुर्घटना हुँदा चालक दलका सदस्यसहित २२ जनाको ज्यान गएको थियो ।

नेपालमा बारम्बार ठूला-साना हवाई दुर्घटना भइरहेका कारण नेपाली आकाश पूर्ण सुरक्षित नरहेको पुष्टि हुन्छ । हवाइ दुर्घटना हुँदा जाँचबुझ समिति बनाउने र दुर्घटनाको कारण पत्ता लगाउनेबाहेक नेपाली आकाशलाई सुरक्षित बनाउनेतर्फ खासै काम भएका पाइँदैन । हरेकपटकको विमान दुर्घटनापछि हवाइ सुरक्षाको विषयमा चर्चा र चासो देखाउने गरेको भए पनि दुर्घटनाको क्रम रोकिएको छैन । हवाइ दुर्घटनापछि गठन भएका जाँचबुझ समितिको प्रतिवेदनले खराब मौसम, यान्त्रिक गडबडी र मानवीय त्रुटीलाई नै दुर्घटनाको कारण देखाउने गरेको छ । मानवीय त्रुटीमा पनि अधिकांश दुर्घटनामा पाइलटको गल्तीलाई औंल्याउने गरेको पाइन्छ । तर, प्रतिवेदनमा दिइने गरेका सुझावको कार्यान्वयनमा सम्बद्ध सरकारी निकायले गम्भीर चासो नदेखाउँदा दुर्घटना रोक्न सकिएको छैन ।

हवाइ दुर्घटना भएपछि असुरक्षित नेपाली अकाशका बारेमा चर्चा र बहस हुने गर्दछ । दुर्घटनापछि सरकारले दुर्घटनाको कारण पत्ता लगाउन जाँचबुझ समिति गठन गर्दछ । समितिले निश्चित समयमा प्रतिवेदन तयार पारी बुझाउँछ । यसरी हरेक पटक कर्मकाण्डी प्रक्रिया पूरा गर्ने काम भए पनि प्रतिवेदनमा उल्लेख भएका विषयको कार्यान्वयनको विषय सरकारको प्राथमिकतामा पर्दैन । हवाइ सुरक्षाजस्तो संवेदनशील विषय सरकारको प्राथमिकतामा नपरेकै कारण नेपाली आकाश सुरक्षित नभएको भन्दै संसारभर नकारात्मक सन्देश प्रवाह भइरहेको छ । हवाइ दुर्घटनापछि तत्काल दु:ख र चिन्ता व्यक्त गर्नु स्वभाविक भए पनि यस्ता दुर्घटना न्यूनीकरणतर्फ सरकार गम्भीर भएर लाग्नु आवश्यक छ । हवाइ सुरक्षाका क्षेत्रमा सरकारले प्रभावकारी काम गर्न नसकेकै कारण नेपाली वायुसेवा कम्पनीहरुप्रति समेत पुराना जहाज ल्याएर चलाउने गरेको गम्भीर आरोप लाग्ने गरेको छ । पटक-पटक दोहोरिने हवाइ दुर्घटनाको ठोस कारण पहिचान गरी नेपाली आकाशलाई सुरक्षित बनाउन सके दुर्घटनाको चिन्ता नै नरहनेतर्फ सरकारको ध्यान जानुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : व्यापार-व्यवसाय ठिकै रहने समय छ । |
| **वृष** | : शारीरिक र मानसिक अस्वस्थता बढ्ला । |
| **मिथुन** | : पठन-पाठनका काममा मन जाने समय छ । |
| **कर्कट** | : कामप्रतिको अपजसले मन विचलित होला । |
| **सिंह** | : व्यापार-व्यवसायबाट लाभकारक रहने समय छ । |
| **कन्या** | : पढाइ-लेखाइका कामहरु मध्यमकारक रहलान् । |
| **तुला** | : धार्मिक कृत्यमा सरिक भइने समयको योग छ । |
| **वृश्चिक** | : स्वास्थ्य समस्यामा कमी आउने समयको योग छ । |
| **धनु** | : अधुरा कामहरु पूर्ण हुने समयको योग छ । |
| **मकर** | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुनेछ । |
| **कुम्भ** | : आर्थिक मन्दी घट्दै जाने समयको योग छ । |
| **मीन** | : स्वास्थ्य समस्यामा सुधार हुने समय छ । |

# मानवअधिकार छोडौं, जैविक अधिकार खोजौं



मोहन तिम्सिना

मानवअधिकारको विश्व घोषणापत्र जारी भएको ७८ वर्ष भयो। यो घोषणापत्रको पूरकका रूपमा यो बीचमा थुप्रै महासन्धि जारी भए। तर विश्वभर मानवअधिकार उल्लंघनका घटना कम भएनन् ।

बरु युद्ध, गरिबी, लैंगिक विभेद, साम्प्रदायिक अतिवाद र निरंकुशता जस्ता परिघटनामा मानवअधिकार कुण्ठित भइरह्यो। मानवअधिकारको नाम जप्दा–जप्दै सिंगो प्रकृति र पर्यावरण ध्वस्त भयो ।

किन यस्तो भयो ? आज यो सवालको जवाफ खोज्न जरुरी भएको छ । तर आजका 'मानवअधिकारवादी' यस्ता विषयमा संवेदनशील देखिंदैनन् । 'मानवअधिकार' शब्द जति मोहक छ, यसभित्रको अवधारणा उति नै अप्राकृतिक र अमानवीय छ। वास्तवमा मानवअधिकारको अवधारणामै खोट थियो। जसका कारण 'मानवअधिकारको घोषणापत्र' ले मानवअधिकारको रक्षा गर्न सकेन । प्रकृति र पर्यावरणको पनि रक्षा गर्न सकेन।

### उत्कृष्टताको भ्रम

मानवअधिकारको अवधारणा यस्ता मानिसले तयार गरे, जो मानव जातिलाई उत्कृष्ट प्राणी मान्दथे। यिनीहरु मानिसको बुद्धिप्रति गर्व गर्दथे । बुद्धिका सहाराले मानिसले संसारका सबै रहस्य थाहा पाउन सक्छ भन्ने विश्वास गर्दथे ।

उनीहरुको धारणामा अधिकारका कुरा केवल मानव जातिका लागि मात्र सान्दर्भिक छन्, गैरमानव जीवनलाई यी कुरा असान्दर्भिक छन् । वनस्पति र गैरमानव जीव केवल मानिसको 'उपभोग्य वस्तु' हुन् ।

मानवअधिकारको अवधारणा यस्तै धारणा राख्ने मानिसले तयार गरे । यसकारण 'मानवअधिकार' ले महत्व पायो, 'गैर मानवअधिकार' ले पाएन । हिजो शास्त्रीय विज्ञानको युगमा यस्तो धारणालाई स्वाभाविक मान्न सकिन्थ्यो । आजको आधुनिक विज्ञानको युगमा स्वाभाविक मान्न सकिन्न । कारण, आधुनिक विज्ञानले मानिसलाई उत्कृष्ट प्राणी मान्दैन ।

आधुनिक विज्ञानका विधा भन्दछन्– मानिस कुनै पनि अर्थमा उत्कृष्ट प्राणी होइन। ब्रहृमाण्ड यति विराट छ, त्यसको तुलनामा मानिसको बुद्धि अति छु' चिज हो। मानिसको बुद्धि संसारका रहस्य जान्न र बुझ्न पर्याप्त छैन । मानवीय बुद्धिले जीवन र जगतको सत्य बोध गर्न कहिल्यै सक्दैन । बुद्धिले सत्य जस्तै लाग्ने भ्रम (माया) मा मानिसलाई अल्मल्याउँछ ।

हामी आम मानिस यस्तै भ्रम (माया) मा बाचिरहेका हुन्छौं । यसकारण हामी गैरमानव जीवभन्दा भिन्न छैनौं । हाम्रो चेतनामा रहेको 'माया' ले नै 'मानिस उत्कृष्ट छ, पशु–पक्षी निकृष्ट छन्' भन्ने भ्रमपूर्ण धारणा पैदा गर्दछ । यथार्थमा मानव र गैरमानव, दुवै जीवनमा तात्विक अन्तर छैन । दुवैको जीवन उस्तै हो ।

साधारण उदाहरणबाट पनि यो कुरा बुझ्न सकिन्छ । जस्तो कि, बुद्धिका आधारमा मानिसलाई उत्कृष्ट प्राणी मान्ने हो भने सुँघेर थाहा पाउन सक्ने क्षमताका आधारमा कुकुरलाई पनि उत्कृष्ट प्राणी भन्नु पऱ्यो। टाढासम्म देख्न सक्ने क्षमताका आधारमा चिललाई पनि यसै भन्नु पऱ्यो। उफ्रिन सक्ने क्षमताका आधारमा उपियाँलाई पनि उत्कृष्ट प्राणी भन्नु पऱ्यो ।

तर यसो भन्नु ठिक होइन। किनकि, यस्ता गुण प्राणी विशेषका विशिष्ट गुण मात्र हुन्, उत्कृष्टताको परिचायक होइनन्। मानिसको बुद्धि पनि यस्तै विशिष्ट गुण मात्र हो, उत्कृष्टताको परिचायक होइन। यो संसारमा कोही पनि उत्कृष्ट जीव छैन। सबै प्राणीको जीवन उस्तै हो ।

प्राणीहरु बीचमा उत्कृष्टता–निकृष्टताको धारणा नै असान्दर्भिक कुरा हो । अमूक प्राणीलाई उत्कृष्ट मान्ने वित्तिकै यो संसारमा त्यो प्राणीको मनपरी सुरु हुन्छ। आजसम्म भएकै यही हो। यसकारण मानवअधिकारको अवधारणा उपयुक्त छैन ।

### क्षमताको भ्रम

मानवअधिकारको अवधारणा ल्याउने पात्रहरुको अर्को भ्रम, यिनीहरु अरु प्राणीको तुलनामा मानिससँग विशेष क्षमता छ भन्ने मान्दथे। मानिसभित्र आफ्नो भलो–कुभलो छुट्याउन सक्ने क्षमता हुन्छ । सभ्यता र संस्कृति निर्माण गर्न सक्ने क्षमता हुन्छ । अरु प्राणीमा यो क्षमता हुँदैन। यसकारण अधिकारको धारणा केवल मानिसमा लागू हुन्छ। उनीहरुमा यस्तो धारणा थियो ।

यो पनि भ्रमपूर्ण धारणा नै हो । यथार्थमा मानिस 'अरुभन्दा क्षमतावान' प्राणी नै होइन । यो संसारमा सबैभन्दा कमजोर बच्चा मानिसको नै जन्मन्छ । मानिसको बच्चा आफैं खान र हिंड्न सक्ने हुन कम्तीमा वर्ष दिन लाग्छ । तर पशुपक्षीको बच्चा जन्मिएको केही घण्टामै आफैं हिंड्न र खान सक्ने हुन्छन् ।

मानिसको बच्चा हुर्कन अस्पताल, डाक्टर र औषधि जरुरी हुन्छ। हुर्किएपछि उसलाई स्कुल कलेज जरुरी हुन्छ । तब बल्ल ऊ जीवनको इलम सिक्न सक्ने बन्दछ । तर जंगलमा पशुपक्षीका बच्चा विना अस्पताल, डाक्टर र औषधि पनि जन्मन्छन्, हुर्कन्छन्। विना स्कुल, कलेज, जीवनको इलम सिक्छन् र आफ्नो प्रजातिको रक्षा गर्न सक्षम बन्दछन् ।

मानिसका बच्चाले पनि यो धर्तीमा गर्ने भनेको जम्माजम्मी यति नै हो, अर्थात् आफ्नो प्रजातिको रक्षा । तर मानिसका बच्चालाई नियम कानुनले बाँध्न अनिवार्य हुन्छ। अर्ति–उपदेश दिनुपर्ने हुन्छ। अभक्ष खान, अशुभ कर्म गर्नबाट बचाउनु/रोक्नुपर्दछ । हातमा 'शिक्षा' को डिग्री हुन्छ। तर सुख बढाउने भ्रममा मानिसको बच्चा सभ्यता, संस्कृति र पर्यावरण नै मास्न उद्यत हुन्छ। अन्ततः उसले आफ्नै प्रजातिप्रति घात गरिरहेको पनि थाहा पाउँदैन।

पशुपक्षीको संसारमा यस्तो बिल्कुलै हुँदैन । उनीहरुलाई कसैले अर्ति–उपदेश दिनुपर्दैन । नियम–कानुनले बाँध्नु पनि पर्दैन। उनीहरु कहिल्यै अभक्ष खाँदैनन् । अशुभ कर्म पनि गर्दैनन् ।

चित्रकला र इन्जिनियरिङ नसिकाए पनि आफ्नो प्रजातिको परम्परा अनुसारको गुँड बनाउन जान्दछन्। प्रजातिको परम्परा अनुसारको खानेकुरा खाएर–ख्वाएर आफ्नो प्रजातिको रक्षा गर्न जान्दछन्। जस्तोसुकै संकट परोस्, पशुपक्षीले कहिल्यै आफ्नो प्रजातिको घात गर्दैनन् । यसरी हेर्दा त मानव भन्दा गैरमानव प्राणी क्षमतावान छ भन्नु पऱ्यो ।

तर यसो भन्नु पनि गलतै हुन्छ । कारण, यो संसारमा कुनै प्राणी क्षमतावान र कुनै क्षमताहीन भन्ने नै हुँदैन । सबै प्राणी आ–आफ्ना स्वभावका हुन्छन्। प्राणी विशेषका स्वभावलाई तुलना गर्न मिल्दैन। सबै जीव–जगत मौलिक र सार्वभौम छन्। यसकारण सबै प्राणी उत्तिकै महत्वका छन्। मानव र गैरमानव दुवै जीव उत्तिकै क्षमतावान छन् । यस अर्थमा मानवअधिकारको अवधारणा एकाङ्की छ।

### विभाजनमुखी पद्धति

मानवअधिकारको अवधारणा शास्त्रीय चिन्तनको उपज हो । यसमा पाश्चात्य विज्ञानको एरिस्टोटलियन परम्पराले काम गरेको छ। एरिस्टोटल भन्थे रे– संसार 'विपरीत तत्व' ले बनेको छ । 'विपरीत तत्व' आपसमा कहिल्यै मिल्न सक्दैनन् । जस्तो कि, अँध्यारो र उज्यालो बीचमा कहिल्यै मिलन हुँदैन ।

मानिसले जीवनमा 'विपरीत तत्व' मध्ये कुनै एकलाई स्वागत र अर्कोलाई निषेध गर्नुपर्दछ । प्रकृतिले बिमारी पैदा गर्दछ, त्यसकारण प्रकृतिसँग लड्नुपर्दछ। प्रकृतिमाथि विजय *...बाँकी पृष्ठ ३ मा*

# घर आएर सोधें– कुजात भनेको के हो मम्मी ?



रुविना बज्राचार्य बिसुन्के

हुन त धेरैको मनमा 'यति पनि थाहा नभएको ?' भनेर सोच्नु हुन्छ होला तर सोध्नु र सोच्नुमा धेरै फरक छ।

मेरो आमा बुवाको अन्तरजातीय भागी विवाह भएको हो ।

मेरी आमा नेवार समुदायबाट हुन् भने बुवा दलित समुदायबाट ।

म न त पूरै नेवारकी छोरी बन्न सकें, न त पूरै दलितकी । आमाबुवाको निर्मल मायाले म जन्मन पुगें ।

मलाई दुवै समुदायबाट आफूलाई चिनाउन मन लागेको छ तर मैले पहिचानविहीन भएको महसुस गरिरहेकी छु।

मलाई पटक/पटक 'तिम्रो जात के हो नि ?' भन्ने प्रश्न गरिन्छ ।

बुवा आमाको मन मिल्यो र हामी चार दिदी भाइ जन्मियौं । न त यता मावली पट्टीको माया पायौं, न त बुवापट्टिबाट साथ ।

म धेरैलाई नेवार हो भन्थो सायद सानैदेखि आमाको एकल संघर्षले प्रेरित भएर होला।

बुवाको प्रतिबिम्ब मेरो लागि निकै धमिलो थियो।

कतिलाई म हाइब्रिड हो भन्थें, फेरि के–के को सोध्थे, र म नेवार र क्षेत्रीको भन्दिन्थें। हुन त फेरि यो क्षेत्रीवाला अवधारणा खासमा सानो बेला मिजार र महतमा झुक्किएको कारणले उत्पन्न भएको हो । यसले गर्दा धेरैको मैले मेरो जात ढाँटेको भन्ने लहरो पनि आयो । तर फेरि मैले मेरो आमाको थरबाट आफूलाई चिनाउन खोज्दा त्यो पनि हुन्न रे !

ए बाबा मैले मेरो आमाको थर लिएर म नेवार भन्न नपाई ? मेरो नागरिकता वंशज भएर के भयो त ? अनि मलाई फेरि म दलित हुँ भन्दा नि बारम्बार सानो जात हो रैछ भनेर सम्झाउने अधिकार चाहिं फेरि कसले दियो...?

मैले मेरी आमा नेवार, बुवा चाहिं दलित भन्दा मेरो आमाको गल्ती, सानो जातसँग आयो भनेर बुद्धि बिग्रेको चाहिं कसरी भयो ?

खासमा यो सबै कुरा त मैले यो 'कुजात'को ट्याग लागेपछि सोच्न थालेको हुँ।

मेरो हुर्काइ र पालन कहिले पनि यो ठूलो जात, सानो जातको चटारोमा भएन र यस्तो पानी चल्ने, पानी नचल्ने कुराहरुले कहिल्यै मलाई छोएन पनि।

सुन्न चाहिं फेरि मैले आफ्नै मान्छेहरुको धेरै भोगाइहरु सुनेको थिएँ र त्यो बेला मलाई यो दलित शब्दमा लुकेको मर्म थाहा थिएन तर आफैंलाई पर्दा बल्ल थाहा हुने रैछ यो उखानको मतलब, 'अचनाको पिर खुकुरीले जान्दैन' ।

कुरा हो यो त्यस्तै दुई/तीन वर्ष अघिको।

न त उहाँहरु मेरो आफन्तजन नै हुनुहुन्थ्यो, न त कुनै रगतको नाता नै थियो। उहाँहरुप्रतिको मेरो आफ्नोपन निकै घनिष्ट थियो मानौं मैले मेरो सुखी परिवारको चित्र कोर्दा उहाँहरुलाई नै देख्थें ।

सायद सानो बेलाको त्यो भोगाइले गर्दा होला जहाँ आफन्त त थिए तर अलग्गै महसुस हुन्थ्यो । सायद परिवार त थिए तर म परिवार कस्तो हुन्छ होला भनेर सोच्न बाध्य हुन्थें । त्यसैले गर्दा होला सायद त्यो परिवारसँगको सम्बन्ध मेरो लागि निकै आत्मीय बन्न पुग्यो र उहाँहरुसँगको बिछोड पनि त्यस्तै अर्को पीडादायी विपना ।

सबैले सम्बन्ध बनाउन र बढाउन खोज्दा जात सोध्छन्।

उहाँहरुसँगको त्यो घनिष्ट सम्बन्ध जातबाट नै जोडियो र जातमै अन्त्य भयो । मात्र सम्झना छ त केबल त्यो प्रश्न 'तँ त कुजात रैछेस् हैन ?'

मेरो मनमा यो शब्दले गहिरो चोट बनायो मानौं मैले त्यसपछि त्यो घरमा सास फेर्न पनि भारी भयो। बाटोभरि यो शब्दको एक एक वर्णले मलाई घोचिरह्यो अनि घरमा आएर मैले मेरी आमालाई सोधें, 'कुजात भनेको के हो मम्मी ?'

जीवनमा कहिले नभोगेको र नबुझेको मैले, जातीय विभेद के हो भन्ने कुरा त्यो शब्दबाट छर्लङ्ग बनाइदियो। मेरो मनमा यति कौतुहलको आँधी मच्चाइदियो कि म यसको हरेक पाटाको मोडहरुलाई नियाल्न चाहन्छु ।

यो शब्दमा लुकेको त्यो उत्पीडन कथा र भोगाइलाई अंगाल्न चाहन्छु र भन्न चाहन्छु–

तिमी आफ्नो लागि आफैं आवाज उठाऊ र निर्धक्कसाथ आफ्नो आत्मसम्मानलाई बचाऊ !

स्वीकार गर आफ्नो पहिचान र भनिदेऊ सारा जगतलाई कि तिमी दलित हौ।

हो त्यही दलित जसले आफ्नो अस्तित्वलाई बचाउन यो पहिचान पाउनलाई हर कदममा ठक्कर खानु पर्दछ।

हो त्यही दलित जसले हरेक श्वासमा रगतको नाता हेर्दैन तर जातको प्रश्नको त्यो तिखो धारो भने बारम्बार भोगिरहन्छ।

हो त्यही दलित जो हरपल, हरक्षण एउटा समान र सम्मान जीवन बाँच्ने आशा राख्दछ – त्यही समाजबाट जहाँ आज पनि उसलाई कुजात भनेर मान्छेहरुले चिन्दछन्। *(स्रोत: सेतोपाटी)*

# हेटौंडामा पनि माघी महोत्सव

समाज संवाददाता

हेटौंडाः थारु जातिको प्रमुख पर्व माघीको अवसरमा हेटौंडामा महोत्सवको आयोजना गरिएको छ। पाँचौ थारु माघी महोत्सवमा झाँकी, नाचगान, शुभकामना आदनप्रदानसँगै थारुको परिकारहरु र गहनाको स्टलहरु राखेर आइतबार भव्य रुपमा मनाइएको हो ।

महोत्सवमा घुंगीको विशेष परिकार, माछाको अचार, तिल र भुजाको लड्डु लगायतका खानेकुरा स्टलहरुमा बिक्रीका लागि राखिएको थियो। महोत्सवमा विशेष लौरी नृत्य, थारु युवा, महिला र विभिन्न समुहले थारु, नेपाली र हिन्दी गीत गायन तथा नृत्यसँगै थारुको कला, पोशाक, गहना, घरेलु सामग्रीहरु प्रस्तुत गरेका थिए ।

'थारु संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा हाम्रो अभियान, न्याय, समानता र अधिकारका लागि हाम्रो आन्दोलन' भन्ने नाराका साथ माघी महोत्सवको आयोजना गरिएको हो । कार्यक्रम जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा पाँचौ थारु माघी महोत्सव मूल आयोजक समितिका संयोजक एवं थारु कल्याणकारिणी सभा मकवानपुरका सभापति हरिलाल चौधरीको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा थारु कल्याणकारिणी सभाकी केन्द्रिय सदस्य जानकी चौधरी र नेपाल आदिवासी जनजाती महासंघका मकवानपुर अध्यक्ष जंगबहादुर गुरुङको विशेष आतिथ्य रहेको थियो। कार्यक्रममा नेपाल मगर संघ बागमती प्रदेशका बरिष्ठ उपाध्यक्ष होम बहादुर राना मगर, किराँत राई याःयोख्खा मकवानपुरका अध्यक्ष केबी राई, नेपाल तामाङ घेदुङ्का मकवानपुरका सचिव आत्माराम मोक्तान, दनुवार जागरण समिति मकवानपुरका सचिव कृष्ण बहादुर राई दनुवार, थारु कल्याणकारिणी सभा मकवानपुरका संस्थापक सचिव एवं नेपाल थारु संघ समाजवादीका केन्द्रीय अध्यक्ष शिवनाथ चौधरी लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल मगर संघ मकवानपुरका अध्यक्ष सन्तोष तुम्सीङ मगर, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ, थारु कल्याणकारिणी सभा मकवानपुरका संस्थापक सदस्य किशोर कुमार चौधरी, थारु महिला सभाकी जिल्ला अध्यक्ष द्रोपती देवी चौधरी, थारु युवा सभाका जिल्ला अध्यक्ष परमानन्द चौधरी, थारु विद्यार्थी सभाका जिल्ला अध्यक्ष राजेश प्रसाद चौधरी लगायतको आतिथ्य रहेको थियो ।

## मानवअधिकार...

हासिल गर्नुपर्दछ। 'पुनर्जागरणकाल' का दार्शनिक रेने डेकार्टले एरिस्टोटलको यही पद्धति पक्रिएर मन र शरीर (माइण्ड र म्याटर) को विभाजन गरे । उनको विचारमा मन भनेको 'सोच्ने अंग' (थिंकिंग थिंग) र शरीर भनेको 'विस्तारित अंग' (एक्सटेन्डेड थिंग) हो। यी दुई आपसमा स्वतन्त्र र अलग चिज हुन् ।

केही समयपछि अर्का वैज्ञानिक सिमोन लाप्लासले 'वैज्ञानिक निर्धारणवाद' को सिद्धान्त ल्याए। उनले हरेक परिघटनालाई कार्य र कारणमा विभाजन गर्न सकिन्छ भने । यसैलाई 'वैज्ञानिक निर्धारणवाद' को सिद्धान्त भनियो। यो सिद्धान्तले हरेक परिघटनालाई कार्य र कारणमा, प्रधान र गौणमा विभाजन गर्न सिकायो। प्रधान भन्नाले कारण तत्व र गौण भन्नाले कार्य तत्व ।

यस प्रकारको विभाजनमुखी पद्धतिले समग्र चिन्तन प्रणालीलाई नै एकांगी बनाइदियो । तब 'समग्र' बाट 'अंश' को विभाजन, ब्रह्माण्डबाट कणको विभाजन, पदार्थबाट चेतनाको विभाजन, शरीरबाट मनको विभाजन, 'स्थान' बाट 'समय' को विभाजन गर्ने परम्परा विकास भयो ।

यस्तै चिन्तन पद्धति सामाजिक क्षेत्रमा विस्तार हुँदा लोक र नायक, व्यक्ति र समाज, वर्ग र जाति, नैतिकता र अनैतिकता, सुशासन र कुशासन, राष्ट्र र अन्तर्राष्ट्र आदि तत्वका बीच विभाजन ल्याउने परम्परा विकास भयो ।

यस्तै परम्पराले मानव र गैरमानवबीच पनि विभाजन पैदा गर्‍यो । मानवलाई प्रधान, उत्कृष्ट र क्षमतावान मानियो । गैरमानवलाई गौण, निकृष्ट र क्षमताहीन मानियो । मानवअधिकारको अवधारणा यस्तै चिन्तन पद्धति भित्रबाट पैदा भयो ।

आजको विज्ञानले यो कुरा मान्दैन। आधुनिक विज्ञान भन्छ– प्रकृतिमा विभाजन छैन, अन्तरसम्बन्ध छ। मानिस स्वयं प्रकृति हो । मानिसको प्रकृतिसागको सम्बन्ध संघर्षको होइन, सहकार्यको हो ।

प्रकृतिका कुनै पनि तत्व 'स्वतन्त्र' छैनन्। प्रकृतिमा देखिने जस्तोसुकै विविधतालाई 'विपरीत तत्व' मान्न मिल्दैन । ती सबै परिपूरक र अन्तरसम्बन्धित छन् । पदार्थ र चेतना, सजीव र निर्जीव, शरीर र मन, कण र तरंग, समग्र र अंश, ब्रह्माण्ड र परमाणु, मानव र गैरमानव आदि सबै तत्व परिपूरक सञ्जालमा बाँधिएका छन् ।

यस कारण यो संसारमा मानवजाति मात्रको भलो हुने कुनै उपाय छैन। भलो हुँदा सबैको हुन्छ। कुभलो हुँदा पनि सबैको हुन्छ । मानव जातिको भलो गर्ने हो भने गैरमानवको पनि भलो सोच्नुपर्‍यो । गैरमानव जातिको भलो नसोच्ने हो भने मानव जातिको पनि कुभलो नै हुन्छ । यसको सार, मानवअधिकारको धारणा एकाङ्गी छ । हामीले एकाङ्गी होइन, सर्वाङ्गी बन्नुपर्दछ ।

### विकल्प : जैविक अधिकार

'मानवअधिकार' अवधारणाको विकल्प 'जैविक अधिकार' को अवधारणा हो । 'जैविक अधिकार' को पहिलो अर्थ, अधिकारको धारणा प्रकृतिका सबै तत्वका लागि सान्दर्भिक छ भन्ने हो ।

दोस्रो, संसारलाई पदार्थ र चेतना, सजीव र निर्जीव, मानव र गैरमानव भनेर भेद गर्नु सान्दर्भिक छैन, सबै चिज सचेतन र जिउँदो छन् भन्ने हो । तेस्रो, अब 'मानवअधिकार' र 'गैरमानवअधिकार' का कुरालाई विना भेदभाव एकै दस्तावेजमा समेट्नुपर्दछ भन्ने हो ।

'जैविक अधिकार' को अवधारणाले 'मानवअधिकार' र 'गैरमानवअधिकार' को धारणालाई परिपूरक मान्दछ । मानवअधिकारको साथमा पशुको अधिकार, पक्षीको अधिकार, खोलाको अधिकार, हिमालको अधिकार, जंगलको अधिकार, हावाको अधिकार, पानीको अधिकार, माटोको अधिकार आदि धारणालाई अभिन्न मान्दछ ।

अब हामीले अधिकार सम्बन्धी प्रचलित अवधारणा सच्याउनुपर्दछ। विश्व सम्मेलनद्वारा 'मानवअधिकार'को अवधारणालाई 'जैविक अधिकार' को धारणाले प्रतिस्थापित गर्नुपर्दछ। 'जैविक अधिकार' का वैश्विक मापदण्ड र सूचक निर्धारण गर्नुपर्दछ । यसका मुलुकसापेक्ष अलग–अलग मापदण्ड र सूचक पनि निर्धारण गर्नुपर्दछ । तब मात्र मानव र गैरमानव दुवैको भलो हुन्छ । *(स्रोतः अनलाईनखबर)*


## जग्गा बिक्रिमा

- २० फिट बाटो भएको
- पानी बत्तीको सुविधा
- प्लटिङ्ग गर्न मिल्ने
- पूर्व दक्षिण मोहडा भएको
- १० कठ्ठा १० धुर
- मूल्य कठ्ठाको रु ८,००,०००/-




सम्पर्कः ९८५१०९०२७२
दलालले कष्ट नगर्नुहोला ।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## गणित कार्यशालामा विद्यार्थी, शोक सभा र भूकम्पको सचेतना परीक्षण

हेटौंडाः हेटौंडा-१८ स्थित मकवानपुर बालविद्या सदन र हेटौंडा-८ स्थित कमाने एकेडेमीको सहकार्यमा गणित कार्यशाला भएको छ। हेटौंडा-८, कमानेस्थित शुभम् पार्टी प्यालेसमा आयोजना गरिएको कार्यशालामा ६ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीलाई गणित विषयप्रति रुचि जगाउने र गणितको गहिराईलाई रमाइलो ढंगबाट मनन् गराउने उद्देश्य रहेको मकवानपुर बालविद्या सदनकी गणित शिक्षक विद्या गिरीले जानकारी दिनुभएको छ।

कार्यशालामा दुबै विद्यालयका शिक्षकहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यशालामा गणित विषयका वरिष्ठ प्रशिक्षक तथा एक विद्यालय एक गणित प्रयोगशाला अभियानका अभियन्ता दयामान श्रेष्ठले सहजीकरण गर्नुभएको थियो । कार्यशालामा आधुनिक राष्ट्रिय माविका गणित शिक्षक कमल प्रसाद दाहालले पनि सहजीकरण गर्नुभएको थियो।

यस्तै मकवानपुर बालविद्या सदनले विद्यालय परिसरमा शोक सभा गरेको छ । पोखरामा भएको हवाईजहाज दुर्घटनामा निधन भएकोप्रति शोक व्यक्त गरिएको विद्यालयका प्रिन्सीपल सुदीप राज गिरीले जानकारी दिनुभएको छ। यस्तै भूकम्प सुरक्षा सम्बन्धी सचेतनाको अवस्थाबारे परीक्षण गर्ने उद्देश्यले विद्यालयको प्रार्थना सभाको समयमा भूकम्पको कृत्रिम नक्कल गर्दा विद्यार्थीहरु खुला चौरबाट कक्षाकोठातर्फ प्रवेश गरेका थिए। भूकम्प आउँदा अतालिएर खुला ठाउँबाट समेत घरभित्र प्रवेश गर्ने जोखिमको अवस्था रहेको पनि प्रिन्सीपल गिरीले बताउनुभएको छ।





# 'ह्यारीकी प्यारी' निर्माता टोली हेटौंडामा

समाज संवाददाता

हेटौंडाः नेपाली चलचित्र 'ह्यारीकी प्यारी'को निर्माता टोली हेटौंडामा आइपुगेको छ। चलचित्र प्रचारप्रसारका क्रममा निर्माता टोली हेटौंडा आएको हो ।

सोमबार हेटौंडामा पत्रकारहरुसँग कुरा गर्दै कलाकार जितु नेपालले आगामी माघ २० गते देशभरका सिनेमा हलहरुमा 'ह्यारीकी प्यारी' प्रदर्शन हुने जानकारी दिनुभयो । उहाँले चलचित्र 'ह्यारीकी प्यारी' नयाँ कथावस्तु बोकेको चलचित्र रहेकाले दर्शकहरुलाई हेर्न आग्रह गर्नुभएको छ ।

यस्तै, नायिका साम्राज्ञी राज्यलक्ष्मी शाहले चलचित्रबाट समाजलाई सकारात्मक सन्देश दिन खोजेको धारणा राख्नुभयो । चलचित्र पत्रकार संघ मकवानपुरका अध्यक्ष कपिल खड्काको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, चलचित्र पत्रकार संघ मकवानपुरका संस्थापक अध्यक्ष कुमार अधिकारीलगायतको उपस्थिति रहेको थियो।


# Women Protection Center (WPC) Nepal Vacancy

## Announcement for the following post

Date: 17 January, 2023
**Position: Accountant**
Number: 1
Location: Hetauda Sub-Metropolitancity-4 Baasudev Marg

**Qualification:**
- Bachelor's Degree in Commerce or Business Administration with at least three years of experience and progressively responsiblein administrative and financial work experiences in project accounting.
- Good knowledge of accounting and bookkeeping procedures, Familiarity with accounting software- QUICKBOOKS, and Organizational and time-management skills.
- Previous experience and good computer skills with the ability to work with spreadsheets, and accounting software packages with a sound knowledge of excel.
- Good working knowledge of financial reporting standards and experience in the financial management of donor-funded projects/programs.
- Good understanding of Nepalese tax regulation.
- Good Knowledge of financial monitoring, financial compliance, and auditing.
- Analyze reports and prepare a strategic financial plan.
- Capacity to coordinate and guide the admin and finance team.

**Key Responsibilities (but not limited hereby):**
- Maintain accounting on the software(QUICKBOOKS) for day to day smooth financial and accounting operations. Comply with the accounting & financial and HR manuals of the WPC Nepal organization.
- Prepare annual and monthly project budgets in combining with Program Coordinator & Director. Work closely with the WPC Nepal office team as instructed by the Director.
- To prepare and overall staff's payroll, ensure payroll of staff or remuneration complying with local taxation and labor law.
- Orient the WPC Nepal's staff about the organization's financial and regulations rules and regulations.
- Ensuring overall project's financial transactions are properly authorized, and recorded, have adequate supporting documentation, and can be easily extracted for the purposes of preparing financial statements and audits.
- Maintain office inventory of project (Furniture, Fixtures, and Equipment - FF&E) and ensure repair and maintenance.
- Maintains office supplies inventory by checking stock to determine inventory level; anticipating needed supplies; placing and expediting orders for supplies and verifying receipt of supplies.
- Preparing all documents for Social Welfare Council Nepal related to finance.

Pleasedropthe application withthe following documents by 25 January, 2023 at the Women Protection Center's office or send it toadmin@friendsofwpcnepal.org Contact No.057-527095
- Application letter
- Curriculum Vitae (C.V.)
- Experience letter
- Certificate of Academic Qualification
- 1 Photocopy of Citizenship card

**Note:–** Salary will be Negotiable





# समर्पणको पहिलो कृति 'अभियुक्त समय' विमोचन



*समर्पण न्यौपानेको कृति विमोचन गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः नवसर्जक साहित्य चौतारी नेपालका महासचिव समर्पण न्यौपानेको कृति 'अभियुक्त समय' आइतबार विमोचन गरिएको छ । हेटौंडा-५ स्थित जीएस निकेतनमा कक्षा-९ मा अध्ययनरत १४ वर्षीय न्यौपानेको यो पहिलो कृति हो । नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ डा. देवी नेपालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा न्यौपानेको कविता संग्रह 'अभियुक्त समय' विमोचन गरिएको हो ।

२६ वटा कविताहरु रहेको कृतिको घनश्याम घिमिरे र भावना सापकोटाले समीक्षा गर्नुभएको थियो । उमेरले सानो भए पनि न्यौपानेका कविताहरु परिपक्क रहेको सापकोटाले बताउनुभयो । उहाँका कवितामा सामाजिक, राजनीतिक चिन्तन, वैचारिक धारणा रहेको सापकोटाले बताउनुभयो । त्यस्तै उहाँका कविताहरुमा अशान्तिका विरुद्ध शान्ति, गाउँको अवस्था, अँध्यारोको विरुद्ध उज्यालो आवाजहरु रहेको समीक्षक घनश्याम घिमिरेले बताउनुभयो ।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ डा. देवी नेपालले हेटौंडामा साहित्यको सम्भावना उच्च रहेको बताउनुभएको छ । प्राज्ञ डा. नेपालले हेटौंडामा नवसर्जकको सक्रियता, नयाँ पुस्तालाई प्रेरित गर्ने युवा पुस्ता, प्रेरित गर्ने सञ्चार माध्यम, विद्यालय तहमा हुने क्रियाकलाप, शक्तिशाली कवि, साहित्यकारको उपस्थितिका कारण उच्च सम्भावना रहेको दावी गर्नुभयो । कार्यक्रममा कृतिकार न्यौपानेको परिचय डिबी बर्तौलाले गराउनुभएको थियो । कार्यक्रममा समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठ, साहित्यकार पुरुषोत्तम आचार्य, मकवानपुर बाल विद्या सदनका प्रधानाध्यापक सुदिप राज गिरी, जीएस निकेतनका प्रधानाध्यापक ईश्वर लामिछानेले कृतिकारलाई कृतिगत बधाई तथा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विमोचन कार्यक्रम नवसर्जक साहित्य चौतारी नेपालकी अध्यक्ष प्रशन्ना चौलागाईको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा वरिष्ठ साहित्यकार तुल्सी थापा, नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक दीपक गौतम, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, महाकाव्यकार मुना अर्यालले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा कृतिकार समर्पण न्यौपानेका परिवारको सदस्यको पनि उपस्थिति रहेको थियो ।

## ॐ वृद्धाश्रममा योग शिविर

समाज संवाददाता

हेटौंडाः ८ औं राष्ट्रिय योग दिवसको अवसरमा हेटौंडा-२ स्थित ॐ वृद्धाश्रममा योग शिविर भएको छ । आइतबार जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुर र ॐ वृद्धाश्रमको संयुक्त आयोजनामा योग शिविर भएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरका सूचना अधिकारी अशोककुमार झाले जानकारी दिनुभयो ।

योग शिविरमा वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई सामान्य शारीरिक तथा मानसिक योग प्रशिक्षण दिइएको थियो । त्यस्तै, उनीहरुलाई हाडजोर्नी दुखाई रोकथाम, मधुमेह, उच्च रक्तचापबाट बच्ने उपायसम्बन्धी चेतना र सामान्य औषधिसमेत दिइएको छ । योग शिविरमा डा. नितेशकुमार गिरीले मुख्य प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो ।

योग शिविरमा २५ जना वृद्धवृद्धाको सहभागिता रहेको थियो । शिविरमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरका अध्यक्ष मधु बजगाई, ॐ वृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठ, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरका कार्यालय प्रमुख डा. ललिता पाण्डेलगायतको उपस्थिति रहेको थियो ।

## बुढ्यौली साहित्य समाज रौतहट-सर्लाही गठन

समाज संवाददाता

हेटौंडाः जनज्योति बहुमुखी क्याम्पस चन्द्रपुरको सभाहलमा बुढ्यौली साहित्य समाज रौतहट-सर्लाही गठन गरिएको छ । रौतहट तथा सर्लाहीका ३० जना साहित्यकार तथा साहित्यानुरागीको उपस्थितिमा शनिबार बुढ्यौली साहित्य समाज रौतहट-सर्लाही गठन गरिएको हो ।

समाजका अध्यक्षमा लम्बोदर काफ्ले, उपाध्यक्षमा रेणु गुप्ता, सचिव किसुनदयाल यादव, सहसचिवमा सञ्जय सुदामा र कोषाध्यक्षमा राम उदित चयन भएका छन् । यस्तै, सदस्यमा घनश्याम पन्त रहनुभएको छ । कार्यक्रममा डा. शालिग्राम शर्माको सभाध्यक्षता तथा साहित्यकार रामचन्द्र आचार्य फुर्सतीको प्रमुख आतिथ्य रहेको थियो । साहित्यकार रमेशमोहन अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा साहित्यकार राम उदितले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नवगठित समाजलाई साहित्यकारहरु सञ्जय मित्र, नारायणहरि उपाध्याय, शिवचन्द्र साह, अप्सरा पुडासैनी, नारदप्रसाद काफ्ले, उत्तममोहन अधिकारी, मीना देवकोटा, मनमोहन सिंहलगायतले शुभकामना दिएका छन् ।

## कथा कृति उपलब्ध गराउन संगमको आव्हान

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले साहित्य संगम मकवानपुर सम्मान-२०७८ का लागि देशभरका कथाकारहरुलाई आफ्ना कृति उपलब्ध गराउन आव्हान गरेको छ । संगमले सोमबार एक सूचना जारी गर्दै २०७८ वैशाखदेखि चैत्रसम्म प्रकाशन भएको कथा विधाका मौलिक कृति उपलब्ध गराउन आग्रह गरेको छ ।

संगमका संस्थापक केशव श्रेष्ठ 'ज्योति' ले यसै वर्षदेखि स्थापना गर्नुभएको सम्मानको राशी २५ हजार १ रुपैयाँ रहेको छ । यही माघ २० गतेसम्म कृति उपलब्ध गराउनुपर्ने बताइएको छ । साहित्य संगम मकवानपुरको अग्रणी साहित्यिक संस्था हो । संगमले नियमित साहित्य सन्ध्याको आयोजना गरी साहित्य सिर्जनाका लागि प्रेरित गर्नुका साथै प्रस्तुतीको अवसर प्रदान गर्ने गरेको छ भने विभिन्न पुरस्कार तथा सम्मान पनि प्रदान गर्दै आएको छ ।

## आज बागमती गोल्डकपको फाइनलः
# उपाधिका लागि भुटनिज क्लब र संकटा क्लब भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा जारी पाँचौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि भुटनिज युथ स्पोर्टस् क्लब र संकटा क्लब भिड्ने भएका छन् । बागमती-८, फापरबारीस्थित जनता माविको खेल मैदानमा दुबै टिम उपाधि हात पार्ने योजनासहित मैदानमा उत्रनेछ । उपाधिको फाइनल खेल आज मंगलबार दिउँसो १ बजे हुनेछ ।

भुटनिज क्लब समूह 'क'को विजेता बन्दै फाइनलमा प्रवेश गरेको हो भने संकटा क्लब समूह 'ख'को विजेता बन्दै फाइनलमा प्रवेश गरेको हो । भुटनिजले क्वाटरफाइनलमा हिमालयन शेर्पालाई २-० गोलले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको थियो । यस्तै, शनिबार भएको पहिलो सेमिफाइनल खेलमा जावलाखेल युथ क्लबलाई १-० गोल अन्तरले हराउँदै भुटनिज क्लब फाइनलमा प्रवेश गरेको हो । त्यस्तै, संकटा क्लबले क्वाटर फाइनलमा नेपाल एपीएफ क्लबलाई १-० गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो । आइतबार भएको सेमिफाइल खेलमा संकटा क्लबले मकवानपुर-११ लाई २-० गोलले हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

नकआउट प्रणालीमा भएको प्रतियोगितामा १० टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम हुने टिमले नगद ८ लाख र उपविजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५१ हजार रुपैयाँ, विधागत उत्कृष्ट खेलाडीहरुले जनही १०-१० हजार रुपैयाँ र हरेक खेलको म्यान अफ द म्याच हुने खेलाडीले नगद ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## पत्रकार महासंघद्वारा दीप प्रज्वलन

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुरले आइतबार विमान दुर्घटनामा ज्यान गुमाउने यात्रुहरुको सम्झनामा श्रद्धाञ्जली सभा तथा दीप प्रज्वलन गरेको छ । आइतबार पोखरामा भएको विमान दुर्घटनामा मृत्यु हुनेको शोकमा सोमबार सरकारले देशभर शोक विदा दिएको अवस्थामा महासंघले पनि श्रद्धाञ्जली सभा तथा दीप प्रज्वलन आयोजना गरेको हो ।

नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतमले उक्त दुर्घटनामा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्यसमेत रहनुभएका स्वर्गीय त्रिभुवन पौडेललाई सञ्चार जगतले गुमाउनु परेको भन्नुहुँदै दुःख व्यक्त गर्नुभयो । यस्तै, विमान दुर्घटनाबाट सञ्चारकर्मी अनिल शाहीलाई पनि गुमाउनु परेको भन्दै उहाँले दुःख व्यक्त गर्नुभयो । अहिले सञ्चार क्षेत्रले श्रमजीवी पत्रकार गुमाएको अध्यक्ष गौतमले बताउनुभयो । कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप बिष्ट, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगरलगायत सञ्चारकर्मीको उपस्थिति थियो ।

**कोठा भाडामा चाहियो ?**

हेटौंडा-४, कान्तिराजपथस्थित व्यावसायिक प्रयोजन, कार्यालय प्रयोजनका लागि उपयोगी २ वटा कोठा भाडामा दिन सकिने भएकोले व्यवसाय गर्न चाहने वा कार्यालय सञ्चालनका लागि कोठा आवश्यक भएका व्यक्ति वा संस्थाका प्रतिनिधिले सम्पर्क गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कः**
९८५५०-७१२८०/९८५५०-३२५९०/
९८५५०-६७२४२

**'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार'**

**२५ औं भूकम्प सूरक्षा दिवस २ माघ २०७९**

- 'उपमहानगरपालिकद्वारा जारी गरिएको मापदण्ड पालना गरौं र नक्सा पास गरी भवन निर्माण गर्ने बानी बसालौं ।'
- 'भूकम्पले मान्छे मार्दैन, मान्छेले नै निर्माण गरेको संरचनाले मार्न सक्छ, त्यसैले भुकम्पीय सुरक्षित भवन निर्माण गरौं, आफ्नो धन जनलाई सुरक्षित गरौं ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
वागमती प्रदेश, नेपाल

**वैदेशिक रोजगारमा जाँदा सचेत रहौं ।**

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- आधिकारिक कागजात नहुँदा वेदेशिक रोजगारीमा जाने कामदारहरुले:

-करारबमोजिम काम र सुविधा नपाउने,
-विदेशी भूमिमा पीडित बन्नुपर्ने,
-स्वदेश फर्कन कठिनाई हुने,
-कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
-ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हार्दिक बधाई**



मेरा मित्र जनक भण्डारी **जेसीआई बसामाडीको वर्ष २०२३** का लागि सर्वसम्मत अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

श्याम कुमार लो
**आर आर ढुवानी सेवा**
हेटौंडा-५, मकवानपुर

**सूचना सूचना सूचना**

विगत एक दशक भन्दा लामो समयदेखी निरन्तर विरामीको सेवामा समर्पित यस हेटौंडा मोडल अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समुहद्वारा सबै किसिमको रोगको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको सबैमा सहर्ष जानकारी गराउँदछौं ।

कार्यरतः

**यस अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरूः-**

१. हाडजोर्नि तथा नसा रोग विशेषज्ञ डा. बसन्त मान श्रेष्ठ तथा डा. आभाष तिवारी ।
२. जनरल फिजिशियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ ।
३. नाक कान घाँटी रोग विशेषज्ञ डा. अनुप सञ्जेल, डा. इन्क्लाम ढुंगाना ।
४. जनरल सर्जन डा. साजिद अन्सारी, डा.सरोज प्रधान ।
५. छाला तथा यौन रोग डा. प्रमोद चौरसीया ।
६. रेडियोलोजिष्ट डा. गेहेन्द्र भुसाल ।
७. ऐनस्थेसिया डा. सुवास लामिछाने ।
८. दन्त रोग विशेषज्ञ डा. रन्जना शाह ।
९. फिजियोथेरापिस्ट डा. रति गुरुङद्वारा दैनिक उपचार जांच भईरहेको सहर्ष जानकारी गराउँदछौं ।

यसको साथ साथै यहाँ OPD सेवा, विरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि. स्क्यान सेवा फार्मेसी सेवा गरिन्छ ।

**सम्पर्कः**
**हेटौंडा मोडेल अस्पताल,**
स्वर्गद्वारी मन्दिर चोक जरुवा टोल, वार्ड नं. १, हेटौंडा
मो. नं. ९७४५३२१६४८ फोन नं.: ०५७५२२७५६

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ